नेपाल सरकार
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
(प्रशासन शाखा)

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या :- प्रशासन/२०७९/८०
च.नं. ४०६

मिति: २०७९/०८/२०

श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं ।
श्री पुरातत्व विभाग, रामशाह पथ, काठमाडौं ।
श्री राष्ट्रिय अभिलेखालय, रामशाह पथ, काठमाडौं ।
श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं ।
श्री भाषा आयोग, शङ्खमुल, काठमाडौं ।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
श्री नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी ।
श्री पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौं ।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं ।
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं ।
श्री सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं ।
श्री बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा ।
श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, काठमाडौं
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, काठमाडौं ।
श्री नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, काठमाडौं ।
श्री तारा गाउँ विकास समिति, काठमाडौं ।
श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, ललितपुर
श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी ।
श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ ।
श्री हलेशी महादेवस्थान विकास समिति, खोटाङ ।
श्री पाथीभरा क्षेत्र विकास समिति, ताप्लेजुङ ।
श्री केचना कञ्चनजङ्घा पर्यटन विकास समिति, इलाम ।
श्री आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, तनहुँ ।
श्री नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति, काठमाडौं ।
श्री बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौं ।
श्री मनकामना क्षेत्र विकास समिति, गोरखा ।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. त.स./५३१/२६८२ मिति २०७९/०८/१५ को पत्रमार्फत मिति २०७९/०८/१३ गते मङगलबारका दिन श्रीमान् मुख्यसचिवज्यूको संयोजकत्वमा बसेको ६३ औं केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकले गरेका निर्णयको छायाप्रति संलग्न राखी जानकारी तथा कार्यान्वयनको लागि लेखी आएको छ ।

केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकले गरेका निर्णयहरुको छाया प्रति यसै पत्र साथ संलग्न राखी कार्यान्वयनको लागि पठाइएको बेहोरा निर्देशानुसार अनुरोध छ

(प्रविनहाङ योङहाङ)
शाखा अधिकृत

**बोधार्थः**

श्री नागरिक उड्डयन महाशाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः समितिको निर्णय नं. ५ कार्यान्वयनको लागि पठाइएको ।

प्रयो ६८६
०८१।८।१९

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७६/८०
च.नं. : ७.न/५३१/२६८२

मिति: २०७९/०८/१५

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
दर्ता नं. ९६५९
मिति २०७९/०८/१८

श्रीमान् सचिवज्यू,

गृह मन्त्रालय
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
अर्थ मन्त्रालय
राष्ट्रिय योजना आयोग
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
खानेपानी मन्त्रालय
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
परराष्ट्र मन्त्रालय
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
युवा तथा खेलकूद मन्त्रालय
रक्षा मन्त्रालय
वन तथा वातावरण मन्त्रालय
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
शहरी विकास मन्त्रालय
राष्ट्रिय सतर्कता केन्द्र
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय
भौतिक, पूर्वाधार तथा यातयात मन्त्रालय
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।**

मिति २०७९/०८/१३ गते मंगलबारका दिन श्रीमान् मुख्यसचिवज्यूको संयोजकत्वमा बसेको ६३औं केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको बैठकले गरेका निर्णयहरुको छाँयाप्रति यसैसाथ संलग्न गरिएको छ । तहाँ मन्त्रालय/आयोग/केन्द्रसँग सम्बन्धित निर्णयहरु जानकारी तथा कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

श्री प्रविनजी

सन्तोष प्रसाद दाहाल
उपसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यूको संयोजकत्वमा मिति २०७९ मंसिर १३ गते मंगलबार बसेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६३ औं बैठकले सार्वजनिक सेवा प्रवाहमा सुधार, सम्भावित शीत लहरबाट हुने असर न्यूनीकरण, संयुक्त बजार अनुगमन लगायतका विषयमा छलफल गरी देहायबमोजिमका निर्णयहरु गरियो।

१. राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमती पत्र वितरण सम्बन्धी कार्यलाई सरलीकरण गर्न सम्बन्धित निकायलाई निर्देशन दिने । अन्तर निकाय सूचना आदानप्रदानमा सहजीकरण गर्न र एकीकृत सूचना प्रणाली अवलम्वन गर्न एवम् data governance लाई प्रभावकारी बनाउने सम्बन्धमा सरोकारवालाहरुसँग राय परामर्श गरी सुझाव दिने विषयमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सूशासन क्षेत्रले अध्ययन गरी सुझाव दिने ।
२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकको छपाई गरी समयमा नै पाठ्यपुस्तक उपलब्ध हुने व्यवस्था गर्ने।
३. केही मालवस्तुको औपचारिक आयातको विवरण र बजारमा सामानको उपलब्धता बीच तालमेल नभएको हुँदा आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागले बजार अनुगमन बढाउने। चोरी पैठारी नियन्त्रणमा खटिएका भन्सार सुरक्षा गस्तिहरुले समेत निगरानी बढाउने ।
४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारी अस्पतालको सरसफाई तथा फोहोर व्यवस्थापन कार्यको गुणस्तर सुधार गर्ने।
५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले दुर्गम क्षेत्रमा हुने हवाई उडानलाई सहज बनाउन आवश्यक व्यवस्था गर्ने।
६. सिंहदरवार परिसर भित्र रहेका विभिन्न निकायका पुराना सवारी साधनको उचित व्यवस्थापनको लागि तत् तत् निकायले कानून बमोजिम लिलामी प्रक्रिया तत्काल अगाडि बढाउने। साथै, सुरक्षा व्यवस्था, ट्राफिक लाइट र सौन्दर्यकरण जस्ता कार्यका लागि सम्बन्धित निकायले पहल गर्ने।
७. केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने र सोको प्रगति विवरण यथासमयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको तत्काल समस्या समाधान केन्द्रमा उपलब्ध गराउने तथा समन्वय गर्ने कार्यको लागि हरेक मन्त्रालय/निकायले सम्पर्क व्यक्ति तोक्ने।

२०७९।८।१३

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं